स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश

## हेलम्बु ग्रेट ट्रेल बुद्धपार्क-सेर्माथाङ-ज्योमाथाङ (१४.११ कि. मि.) निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को राय सुझाव सङ्कलन सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः-२०७९/०३/१०)

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, हेलम्बु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, किउलद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम | प्रस्तावित हेलम्बु ग्रेट ट्रेल बुद्धपार्क-सेर्माथाङ-ज्योमोथाङ (१४.११ कि.मि.) निर्माण आयोजना |
| प्रस्तावको व्यहोरा | प्रस्तावित हेलम्बु ग्रेट ट्रेल बुद्धपार्क-सेर्माथाङ-ज्योमोथाङ (१४.११ कि.मि.) निर्माण आयोजना हेलम्बु गाउँपालिका वडा नं १ र २ मा अवस्थित छ। यसको लम्बाई १४.११ कि. मि. र चौडाई ३.५ मि. रहेको छ। प्रस्तावित आयोजना हेलम्बु गाउँपालिकाको वडा नं २ को बुद्धपार्कबाट सुरु हुन्छ र हेलम्बु गाउँपालिकाको वडा नं. १ को ज्योमोथाङसम्म पुग्छ। |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न प्रस्ताव कार्यान्वयन हुने गाउँपालिका तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजानिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लेखित ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

### राय सुझावका लागि पत्राचार गर्ने ठेगाना

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| हेलम्बु गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>हेलम्बु, सिन्धुपाल्चोक<br>सम्पर्क नं: ९८४९१९५५६१<br>ईमेल: helamburm@gmail.com | इको हिलिङ इन्भारोमेन्टल एण्ड इन्जिनियरिङ मल्टिप्रपोज प्रा.लि.<br>गोदावरी नगरपालिका-११, ललितपुर, नेपाल<br>सम्पर्क नं: ९८४००६३६७९<br>ईमेल: eheemnepal@gmail.com |